# हरिहरपुरगढी गाउँपालिकाको दशौ गाउँसभा समक्ष प्रस्तुत
## आ.व. २०७७/२०७८ को बार्षिक नीति तथा कार्यक्रम

दशौं गाउँसभाका अध्यक्षज्यू, प्रमुख अतिथी वागमती प्रदेश प्रदेश सभा सदस्यज्यू, वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधीज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, विभिन्न शैक्षिक संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, पूर्व निर्वाचित जनप्रतिनिधिज्यूहरु, गैर सरकारी संघ संस्था, सामूदायिक वनका प्रमुख एंव प्रतिनिधिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, संचारकर्मीज्यूहरु तथा कर्मचारी मित्रहरु उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दप्रति यस गरिमामय समारोहमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । यसै गरी मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र, स्वतन्त्रता तथा शान्ति र समृद्धिका लागी जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

**आदरणीय महानुभावहरु,**

विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोविड-१९को सन्त्रासका विचमा पनि आफ्नो अमुल्य जीवनलाई जोखिममा राखी अहोरात्र गाउँपालिकाको सर्वाङ्गिण विकास र विकासका योजना निर्माणमा महत्वपूर्ण भुमिका खेल्नु हुने सम्पूर्ण गाउँपालिकावासीमा हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु । साथै महामारीको सन्त्रास वीच गाउँपालिकाको सेवा प्रवाह निरन्तर रुपमा संचालन र सम्पादन गर्न अहम् भुमिका खेल्नु हुने यस गाउँ कार्यपालिकाका जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगाएत कार्यरत कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्दछु । गाउँपालिकाको दिगो विकास, गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधामा चुस्तता दिदै जनअपेक्षा अनुरुप कार्यसंचालन गरि समुन्नत हरिहरपुरगढी वनाउने कार्य जिम्मेवारी हाम्रो काँधमा आए पश्चयात आज हामी चौथो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरि रहेका छौ । राज्यको पुर्नसंरचना पछि स्थानिय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा आवश्यक ऐन, नियमहरु तयार भएता पनि नयाँ शासकीय स्वरुप, नयाँ संरचनालाई व्यवस्थित ढंगले संचालन गर्नको लागि आवस्यक मानव शंसाधनको यथोचित व्यवस्थापन सरकारवाट समयमा हुन नसक्दा विगतका तीन आर्थिक वर्षहरुमा जनअपेक्षित प्रतिफल प्राप्त हुन नसकेको महसुस भएतापनि उपलव्ध साधन स्रोतको अधिकतम परिचालनवाट वार्षिक लक्ष्यको नजिक पुग्न हरसम्भव प्रयत्नहरु गरिएको छ । गणतन्त्र पछिको पहिलो निर्वाचित सरकार भएको नाताले जनताहरुको उच्च आकांक्ष रहनु स्वभाविकै हो तर उपलब्ध साधन र स्रोत परिचालनमा जनप्रतिनिधी, कर्मचारी मात्र नभएर जनता झन चनाखो भई समग्र वजेटको सदुपयोगमा अग्रसर रहनु पर्नेमा त्यसको अभाव खडकिएको महसुस भएकोछ । विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसवाट प्रभावित समुदायलाई प्राथमिकतामा राख्दै विगत आर्थिक वर्षका अनुभवका आधारमा यस आर्थिक वर्षमा गाउँपालिकामा प्राप्त हुने अनुदान रकम तथा गाउँपालिकाको आन्तरिक श्रोतको रकमलाई न्यायोचित रुपमा विनियोजन गरी प्रतिफलमुखी योजना तथा कार्यक्रमहरु छनौट गर्ने प्रयास गरिएको छ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

**परिचय**

गौरवशाली इतिहास रहेको सिन्धुली जिल्लाको ऐतिहासिक हरिहरपुरगढी आफैमा प्राकृतिक श्रोत सम्पदा, संस्कृतिले सम्पन्न रहेको भएता पनि यसको उचित संरक्षण संवर्द्धन तथा प्रवर्द्धनको अभावमा उचित प्रतिफल लिनवाट वन्चित हुनु परेको छ । यहाँका प्राकृतिक सम्पदा वनजंगल, नदिनालाहरु, उर्वर फाँटहरुको विकास र न्यायोचित उपयोगले यस गाउँपालिकाको समग्र विकासमा कोशेढुंगा सावित हुन सक्छ । हरिहरपुरगढी सिन्धुलीगढी पद मार्ग, धिमिलेडाँडा, हरिहरपुरगढी वसेरी घरवास, कुण्ड पोखरी, लोहासुर पोखरी, धर्मढोका पोखरी जस्ता ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुको विकास, निर्माणधिन गुर्जी औधोगिक क्षेत्र र निर्माणाधिन मदन भण्डारी राजमार्गको निर्माण, कमैया वखफर सडक, हरिवन क्यानेश्वर सडक, प्रस्तावित हाकपारा कृषि अनुसन्धान केन्द्र आदिको निर्माण सम्पन्न पछि यस क्षेत्रको सम्वन्ध पूर्व पश्चिम तथा तराई देखि राजधानीसम्म सहज भई यस क्षेत्रमा व्यवसायिक वातावरण सृजना हुने र त्यसवाट स्थानीय स्तरमा रोजगारीको अवसर उपलव्ध भई जनताहरुको जिवनस्तरमा सुधार हुने निश्चित छ ।

तत्कालिन सिम्रौनगढ राज्यका राजा हरिहरसिंह देवद्धारा निर्माण गरिएको किल्लाको नामवाट नामाकरण भएको हरिहरपुरगढी गाउँपालिका ८ वटा वडामा विभाजित छ । यस गाउँपालिकाले ३४३.७ वर्ग कि.मी. क्षेत्र ओगटेको छ भने २०६८ सालको जनगणना अनुसार २७,७२७ जनसंख्याको वसोवास रहेको छ ।

**विद्यमान अवस्थाको समिक्षा :**

जैविक विविधताबाट धनी यस हरिहरपुरगढी गाउँपालिका मदन भण्डारी राजमार्ग र नजिकैवाट निर्माण भईरहेको निजगढ काठमाण्डौ द्रुतमार्गको कारणबाट राजधानी र तराईसँगको सानिध्यताले गर्दा प्रबल संभावना बोकेको गाउँपालिका भएता पनि विकट भौगोलिक वनावट, कमजोर शहरी पूर्वाधार आदी कारणबाट धैरै सवल तथा कमजोर पक्षहरु रहेको छन् । विद्यमान अवस्थाको बुँदागत समिक्षा गर्दा देहाय बमोजिम पाइन्छ ।

**सबल पक्ष :**

- प्राकृतिक स्रोत साधन, वनजंगल, नदिनाला, ढुंगा गिट्टी, वालुवा प्रशस्त पाईने
- आदिवासी जनजाति आफ्नै मौलिक भाषा, संस्कृति, भेषभुषा, संस्कार, रहन सहन
- जलस्रोत तथा वैकल्पिक उर्जाको प्रचुर सम्भावना रहेको
- खेती योग्य जमिनको वहु उपयोगवाट खाध्यान्न उत्पादनको प्रचुर सम्भावना रहेको
- ऐतिहासिक पर्यटकीय क्षेत्रको सम्भावना रहेको

**कमजोर पक्ष :**

- कमजोर भौतिकपूर्वाधार

- प्रतिकुल भौगोलिक वनावट
- दक्ष र सृजनशिल जनशक्तिको अभाव
- कमजोर शैक्षिक अवस्था
- दिर्घकालिन विकास रणनीतिको अभाव
- वैज्ञानिक कृषिपेशाको विकास, व्यवसायिकरण र आधुनिकीकरणको लागि उपयुक्त योजना नभएको ।

**अवसर :**

- जनताको घर आँगनमै सरकार भएको अनुभूति दिलाउने गरि कार्य संचालन गर्ने ।
- दिगो विकासको खाका जनताहरुको प्रत्यक्ष संलग्नतामा तयार गरी प्रत्यक्ष जनसहभागीतामा परिणामुखी विकासका कार्यक्रमहरु संचालन गर्ने ।
- वैदेशिक रोजगारीमा पलायन हुन वाध्य स्थानीय श्रम शक्तिलाई स्थानीय स्तरका विकास निर्माणका क्रियाकलापहरुमा सहभागी गराई रोजगारीको अवसर सृजना गर्ने ।
- कृषि क्षेत्रमा सिंचाईको व्यवस्थापन, यान्त्रिकरण र आधुनिकरण गरि उर्वर फाँटहरुको उत्पादकत्वमा गुणात्मक वृद्धि गरि खाद्य सुरक्षा र कृषकहरुको आम्दानीको स्तरमा वृद्धि ल्याउने ।
- प्रदेशिक गन्तव्यको सूचीमा सूचिकृत ऐतिहासिक हरिहरपुरगढी क्षेत्रलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गरि यहाँको भाषा, सांस्कृती र परम्परालाई सम्वर्धन गर्ने र स्थानीय स्तरमा रोजगारीको अवसर सृजना गर्ने ।

**चुनौति :**

- जन अपेक्षा अनुसार पूर्वाधार विकासका लागि वजेटको अपर्याप्तता ।
- भौगोलिक विकटताका कारण निर्माण सामाग्री उपलव्धता, योजनाको कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण र मूल्यांकनमा समस्या ।
- दक्ष जनशक्तिको अभाव, यातायातको असुविधा ।
- दिर्घकालिन सन्तुलित, आवधिक विकास योजना निर्माण ।

**आदरणिय महानुभावहरु**

हरिहरपुरगढी गाउँपालिकाबाट वार्षिक नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्दा आ.व. २०७७/०७८ को वजेट वक्तव्य, नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, नियम, गाउँ कार्यपालिका (कार्यसम्पादन, कार्यसंचालन) सम्बन्धी कानुन लगायत स्थानिय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी निर्देशिका बमोजिम सहभागितामुलक चरणबद्ध प्रकृयाको आधारमा वजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय लगायतलाई मार्गदर्शनको रुपमा लिइएको छ ।

**आयोजनाहरुको प्राथमिकीकरणका आधारहरु :**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम
- उत्पादनमुलक तथा दिगो प्रतिफल दिने, अनुभुति हुने, दिगो विकासमा टेवा पुग्ने आयोजना
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने आयोजना
- दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने कार्यक्रम
- स्थानिय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने आयोजना
- स्थान विशेषको संस्कृति र पहिचान प्रबर्द्धन गर्ने आयोजना
- स्थानिय तहले आवश्यक देखेका अन्य आयोजना तथा कार्यक्रमहरु
- स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सृजना गर्ने कार्यक्रमहरु

**आ.व. २०७६।०७७ मा गाउँपालिकाबाट सम्पन्न कार्यक्रमको समिक्षा :**

चालु आ.व.मा यस गाउँपालिकाले कार्यसंचालनमा आई परेका विविध वाधा अड्चनका वावजुद पनि अपेक्षाकृत उपलव्धी हासिल गर्न सफल रहेकोछ ।

आ.व. २०७६।०७७ मा कूल ४९८ वटा योजना तथा कार्यक्रमहरु रहेका थिए । जस मध्ये पूर्वाधार तर्फ ३१४ वटा योजनाहरु रहेकामा २५० वटा योजनाहरु सम्झौता भई कार्यान्वयनमा रहेका छन् भने आजका मिति १८५ वटा योजनाहरु कार्य सम्पन्न भई ६५ वटा योजनाहरु अन्तिम भुक्तानीको चरणमा रहेकाछन् । मानव संशाधनको अभाव, विश्वव्यापी महामारीका कारण करिव २ महिनासम्म कार्यालयको अत्यावस्यक वाहेकका सेवाहरु वन्द भएका कारण करिव २० प्रतिशत योजनाहरु सम्झौता हुन सकेनन् । खर्चको अवस्थालाई तुलना गर्दा चालु तर्फ कूल रकमको ४९ प्रतिशत र पूँजीगत तर्फ ५२ प्रतिशत खर्च भएको छ भने अझै ६५ वटा योजनाहरु भुक्तानीको क्रममा रहेको हुँदा आषाढ मसान्तसम्ममा खर्चको प्रतिशत वढ्ने अवस्था रहेको छ ।

गाउँपालिका कर्मचारी अभाव, विद्युतको अपर्याप्तता, विषम भौगोलिक अवस्थितीका कारण निर्माण सामाग्रीको ढुवानीमा समस्या र उपभोक्ताहरुमा परम्परागत तवरले कार्य संचालन गर्ने वानीमा सुधार ल्याउन नसक्नु तथा विश्व व्यापी महामारीको रुपमा फैलिएको कोविड-१९ कोरोना भाईरसको झण्डै २ महिनासम्म योजना संचालनका कार्यहरु ठप्प रहनुको कारण लक्ष्य अनुसारको प्रगति हासिल गर्न ढिलाई भएतापनि आर्थिक वर्षको अन्तसम्ममा सम्झौता भएका पूजीगत तर्फ कार्यक्रमहरुमा शतप्रतिशत प्रगति हुने आशा गरिएको छ । यस वर्षको सिकाईलाई आत्मसात गर्दै आगामी वर्षमा लक्ष्य अनुसारका उपलव्धी हासिल गर्न आवस्यक कार्य योजना वनाई अगाडी वढ्ने रणनीति लिईनेछ ।

**आदरणिय महानुभावहरु**

ऐन, नियमहरुको कार्यान्वयनमा अस्पष्टता तथा सरकारले आवस्यक जनशक्ति समयमा व्यवस्थापन गर्न नसक्नु, स्थानिय तहमा समायोजन भएका कर्मचारीहरु नआउनु आदि कारणले स्थानिय तहमा पुनः संरचना पश्चात हालसम्म उल्लेख्य कार्य तथा गतिविधीहरु सम्पादन हुन नसकेको भएता

पनि गाउँपालिकावासीहरुको सुविधाको लागी वडास्तरबाट प्रभाकारी सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । गैर सरकारी संघ संस्थाहरुबाट गाउँपालिकाक्षेत्रभित्र संचालन हुने कार्यक्रम तथा गतिविधीहरु गाउँपालिकामा पेश गर्ने गरिएता पनि अझै पनि धेरै संघ संस्थाबाट सम्पादन भएका गतिविधीहरुलाई थप व्यवस्थित वनाउनु पर्ने आवस्यकता महसुस भएको छ ।

लोकतान्त्रिक मूल्य तथा मान्यतालाई आत्मसात गरी स्थानिय जनताहरुको प्रत्यक्ष सहभागितामा योजनाहरु छनौटलाई आधार मानी स्थानिय जनताको जीवनस्तरमा सुधार ल्याउने सोच र स्थानिय स्तरमा विकासका बहुपक्षिय आयामहरु बीच सन्तुलन र समानता कायम गरी गाउँपालिकाको समृद्धिमा जोड दिने लक्ष्य तथा स्थानिय स्तरमा सरकारको उपस्थिति अनुभुति दिलाउने उद्देश्यका साथ आगामी आ.व.को नीति, बजेट तथा कार्यक्रम तय गरिएको छ ।

प्रस्तुत नीति, वजेट तथा कार्यक्रम कार्यान्वयनबाट देहाय बमोजिम उपलब्धी हुने अपेक्षा लिइएकोछ ।

- दिगो र सन्तुलित विकासमा टेवा पुग्ने ।
- सहभागिता, जिम्मेवारीपना, अपनत्व, पारदर्शिता र गुणस्तरमा सुधार पुग्ने ।
- नीति तथा कार्यक्रमको सही तरिकाले कार्यान्वयन भई जनताले प्रत्यक्ष प्रतिफल र अनुभुति गर्ने ।

अब म हरिहरपुरगढी गाउँपालिकाले अवलम्बन गर्न लागेको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

- हरिहरपुरगढी गाउँपालिकाभित्रका सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुऱ्याउनको लागी प्रस्ताव गरिएको **उज्यालो हरिहरपुरगढी कार्यक्रम**लाई यसवर्ष पनि नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गरि निरन्तररुपमा अगाडी बढाइनेछ ।
- हरिहरपुरगढी गाउँपालिकाका अधिकांश वस्तीहरु विकट भौगोलिक अवस्थितीमा रहेका छन् । यी वस्तीका जनताहरुलाई गाउँपालिकाको केन्द्रसम्म आवत जावतको सुविधाको लागि हरेक वडा र वस्तीहरुमा निर्माणाधीन अवस्थामा रहेका सडकहरुको निर्माण र स्तरोन्नती गरि वर्षै भरि यातायात संचालन योग्य वनाउन क्रमागत योजनाहरु संचालन गरिनेछ । जसका लागि यस वर्ष आवस्यक वजेट विनियोजन गरिएको छ ।
- टुक्रे तथा साना योजनाहरुमा वजेट विनियोजन गर्ने परिपाटीलाई निरुत्साहित गर्नको लागी प्रतिफलमुखी योजना, कार्यक्रम छनौट तथा कार्यान्वयनमा जोड दिइनेछ ।
- दिर्घकालिन असर पुर्‍याउने खालका रणनितिक योजनाहरुको पहिचान गरि विस्तृत सर्भेक्षण गरेरमात्र कार्यक्रम कार्यान्वयनमा लैजान आवस्यक व्यवस्थापन गरिनेछ ।

- हरिहरपुरगढी गाउँपालिकावडा नं. ६, ७, ८ क्यानेश्वर तथा पूर्व पश्चिम राजमार्गको वाग्मतीबाट गाउँपालिका केन्द्रसम्म जोडने सडकलाई वाह्रै महिना संचालन योग्य वनाउन सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- मदन भण्डारी राजमार्गको गुर्जीवाट हरिहरपुरगढी किल्लासम्म जोडने सडकलाई स्तरोन्नती गरि वाह्रै महिना संचालन योग्य वनाउन यसै आर्थिक वर्षदेखि निर्माण कार्यको थालनी गरिनेछ ।

- हरिहरपुरगढीको ऐतिहासिक महत्वलाई उजागर गरी प्रचार, प्रसार गर्न र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ तयार भएको हरिहरपुरगढीको वृहत गुरुयोजना अनुसार आ.व. २०७६।०७७ मा ठेक्का प्रकृया सम्पन्न भई कार्यान्वयन चरणमा गएको छ । आगामी आ.व.मा थप कार्य गर्नको लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

- हरिहरपुरगढी देखि सिन्धुलीगढी जोडने पदमार्गको निर्माण तथा स्थानीय संस्कृती संरक्षण, पर्यटकीय पूर्वाधारको विकास, तामाङ सांस्कृतिक घरवास संचालनको लागि आवस्यक कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ भने भविस्यमा यसलाई एक महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरि स्थानीय जनताहरुलाई स्थानीय स्तरमै रोजगारीको अवसर सृजना गरिनेछ । उल्लेखित कार्यहरुको लागी आगामी आर्थिक वर्षमा वजेट व्यवस्था गरिनेछ ।

- गाउँपालिका केन्द्र आसपासका क्षेत्रमा सम्भावित वढदो सहरीकरणलाई मध्ये नजर गरि स्वच्छ पिउने पानीको दिर्घकालित व्यवस्थापनको लागि यसै आ.व. देखि खानेपानी आयोजनाको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

- प्राकृतिक स्रोत र साधनलाई सही रुपमा उपयोग गर्ने र ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावर जस्ता सम्पत्तिको उचित व्यवस्था मिलाउनको लागी सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

- गाउँपालिका भित्र रहेका मठ, मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पत्तिको तथ्याङ्क अद्यावधिक गरी आवश्यक संरक्षण र संबर्द्धन गर्न विशेष नीति अपनाइनेछ ।

- ऐतिहासिक कुण्डपोखरीको संरक्षण र सम्वर्धनको लागि तयार भएको गुरुयोजना अनुसार विस्तृत परियोजना प्रतिवेदन तयार गरि पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि आवश्यक कार्य गरिनेछ ।

- गत आवमा प्रस्ताव गरिएको "एक परिवार एक रोजगार" कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयनमा लैजान प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्यात्मक रुपमा कार्य संचालन योजना वनाई रोजगारीको अवसर सृजना गर्ने नीति अवलम्बन गरिनेछ ।

- कृषि पेशा गाउँपालिकावासीहरुको प्रमुख पेशा मध्ये एक हो भन्ने कुरालाई मध्यनजर गरी जिविकोपार्जनका लागी परम्परादेखि गरिंदै आएको कृषि प्रणाली धान, गहुँ, मकै, कोदो, जुनार, आँप, लिची, तरकारी लगायतका खेति तथा परम्परागत कृषीलाई आधुनिक प्रविधी मैत्री र व्यवसायिक वनाई कृषि क्षेत्रको आधुनिकीकरण गरि विषादिरहित व्यवसायिक कृषि प्रबर्द्धनका लागि पकेट क्षेत्र विकासमा जोड दिइनेछ । साथै नगदेवालीको रुपमा रहेको फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ ।

- पशुपालनको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा व्यवसायिक पशुपालन तर्फ कृषकहरुलाई आकर्षित गर्न परम्परागत पशुपालनलाई व्यवसायिक वनाउन दुग्धजन्य पशुपालन विशेष कार्यक्रम तथा दुग्ध चिस्यान केन्द्र संचालन गर्न आवस्यक व्यवस्थापन गरिनेछ ।

- मासुजन्य पशुपालनलाई प्रोत्साहित गर्ने उद्धेश्यले व्यवसायिक वाखा पालन, वंगुरपालन तथा लोकल कुखुरा प्रवर्द्धधन कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुको संरक्षण र उपभोग गरिरहेको सार्वजनिक ऐलानी जग्गालाई व्यवस्थापन गर्न पहल गरिनेछ ।

- स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुसार सम्पत्ती कर तथा भूमिकर लागू गरिनेछ । जसवाट गाउँपालिकाको दिगो आन्तरिक स्रोत व्यवस्थापन हुनेछ ।

- गाउँपालिकामा व्यवस्थित आवास योजना तथा वजार व्यवस्थापनको लागि सम्वन्धित निकायसँग आवस्यक सहकार्य गरि योजना निर्माणको लागी पहल गरिनेछ ।

- यस गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेका दुई ठुला नदिहरु वाग्मती र मरिणले क्षति पुर्याएका खेतियोग्य जमिन संरक्षणको लागि आवस्यक गुरु योजना निर्माण गरि अगाडी वढ्नु पर्ने अवस्था रहेको छ । आगामी आवमा वातावरणीय संरक्षण तथा नदि किनारमा वृक्षारोपण गर्नको लागि सम्वन्धित निकायसँग समन्वय गरि कार्यक्रम अगाडी वढाईनेछ ।

- गाउँ कार्यपालिका कार्यालय परिसरको जग्गामा रहेको फलफूल वगैचालाई थप व्यवस्थित गर्न आवस्यक कार्य गरिनेछ ।

- यस गाउँपालिकाका अधिकांश क्षेत्रहरु नदि तथा वनक्षेत्रसँग जोडिएको हुँदा यहाँका वस्तीहरु प्रकोपको जोखिमवाट सुरक्षित गर्न आवस्यक कार्ययोजना वनाई लागु गरिनेछ ।

- सुरक्षित मातृत्वका लाई प्रोत्साहन गर्न स्वास्थ्य केन्द्रमा आई सुत्केरी हुने महिलाहरुको लागि थप रु.१०००।- (एक हजार) प्रौत्साहन भत्ता उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- जनताहरुको खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याई कुपोषण मुक्त गाउँपालिका वनाउन आवस्यक कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका भित्र आधारभूत प्राविधिक शिक्षा प्रदान गरि मध्यम तथा दक्ष प्राविधिक जनशक्ती उत्पादन गरि स्वरोजगारमूलक शैक्षिक प्रणालीको थालनी गर्न प्राविधिक शिक्षा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

- हालै विश्वव्यापी रुपमा देखा परेको कोभिड १९ कोरोना भाईरस लगाएतका भविश्यमा देखा पर्ने यस प्रकारका महामारीको सामना गर्नको लागि आवस्यक पर्ने क्वारेन्टाई तथा आईशोलेशन कक्षहरुको व्यवस्थापनका लागि आवस्यक कार्यनिती अवलम्वन गर्नुका साथै हालका क्वारेन्टाइ स्थलहरुलाई थप साधन स्रोत सम्पन्न वनाईनेछ ।

- विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक सेवा प्रवाह व्यवस्थित गर्नको लागि आवस्यक पहल गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरुः**

अव म यस सम्मानित सभामा क्षेत्रगत विकासका मुख्य मुख्य नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) पूर्वाधार क्षेत्र विकास**

१) गाउँपालिकाको विस्तृत गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२) वडा भेला मार्फत प्रस्ताव भई आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतीक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

३) योजनाहरुमा जनसहभागीता एवं लागत सहभागीताको पक्ष न्यून बन्दै गई आयोजनाहरुमा उपभोक्ताहरुको अपनत्व कम हुन गएको हुँदा लक्षित वर्गबाट कार्यान्वयन हुने भन्दा बाहेकका अन्य आयोजनाहरुमा न्यूनतम नगद लागत सहभागिताको व्यवस्थालाई व्यवहारिक वनाई लागु गरिने छ ।

४) आ.व.को जेष्ठ मसान्तसम्ममा सम्पूर्ण योजनाहरु सम्पन्न गर्ने गरी योजना संचालनको कार्य तालिका वनाई लागु गरिनेछ ।

५) गाउँपालिका क्षेत्रभित्रका सडकहरु व्यवस्थित गर्नको लागी वजेट विनियोजन गरिनेछ ।

६) फोहरमैला विसर्जन तथा प्रशोधनस्थल निर्माण तथा व्यवस्थापनको कार्यको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

७) गाउँपालिकावासीहरुले गाउँपालिका क्षेत्र भित्र भवन निर्माणको कार्य गर्दा नेपाल सरकारबाट स्वीकृत भवन संहिताको परिधी भित्र रही नक्सापास गरेर मात्र निर्माण कार्य गर्न वस्ती विकास, शहरी विकास तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

## ख) सामाजिक विकास

१) लक्षित वर्ग तर्फका कार्यक्रम मार्फत सम्बन्धित लक्षित वर्गका व्यक्तिहरुमा दक्षता अभिवृद्धि गर्ने हेतुले आवश्यक क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

२) बेरोजगार युवाहरुलाई उत्पादन मुलक कार्यमा सहभागी गराउनको लागी स्वरोजगार कार्यक्रमलाई अगाडी बढाइनेछ ।

३) गाउँपालिकाक्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुले गाउँपालिकाक्षेत्र भित्र कार्यक्रम कार्यान्वयन गर्दा अनिवार्य रुपमा स्वीकृती लिनु पर्ने व्यवस्था गर्नुका साथै गाउँपालिकाले प्राथमिकता तोकेका क्षेत्रमा कार्य गर्ने संस्थाका कार्यक्रमहरुमात्र संचालन गर्न सहमति उपलब्ध गराइनेछ ।

४) कोरोना भाईरसको विश्वव्यापी महामारी नियन्त्रण लगाएत जनस्वास्थ्यसँग सम्वन्धित कार्यक्रमहरुलाई गाउँपालिका क्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । प्रजनन स्वास्थ्य, वालवालिका तथा किशोर किशोरी स्वास्थ्य, औषधीजन्य वस्तुको सुरक्षित प्रयोग सम्वन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५) गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरुले विद्यालय जान पाउने तथा आधारभुत खोप लगाउन पाउने अधिकारलाई सुरक्षित गर्न आवश्यक नीति तय गरि लागू गरिनेछ । गाउँपालिकालाई पूर्णखोप गाउँपालिका कायम गर्न आवस्यक कार्यक्रम संचालन गरिनेछ ।

६) युवाहरु हाम्रा विकासका सम्वाहक हुन । उनीहरुको मानसिक, शारिरिक विकासमा खेदकुदले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । युवाहरुको शारिरिक, वौद्धिक क्षमता विकासको लागि आवस्यक कार्यक्रम संचालन गरिनेछ ।

## ग) वातावरण तथा विपद व्यवस्थापन

१) गाउँपालिकाको प्रयासबाट मात्र पूर्ण सरसफाईयुक्त वस्ती बनाउन सम्भव नहुने भएकोले स्थानीयस्तरमा गठित टोल विकास संस्था तथा सरसरफाई समूहको भुमिकालाई प्रभावकारी बनाईनेछ ।

२) गाउँपालिका क्षेत्रका मुख्य वजरक्षेत्रमा सफाई तथा सरसफाई सम्वन्धि सचेतना कार्यक्रमहरु संचालन गरिने छ । साथै गाउँपलिका क्षेत्रभित्रका होटल व्यवसाय, तरकारीजन्य व्यवसाय तथा मासुजन्य व्यवसायहरुलाई स्वस्थकर र सरसफाईयूक्त वनाउन आवस्यक तालिम प्रदान गर्नुका साथै नियमनको लागि निर्देशिका तयार गरि कार्यान्वयन गरिनेछ ।

३) गाउँपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङकन र बायो इन्जिनियरिङ्को प्रविधि अवलम्वन गरिनेछ ।

## घ) शासकीय सुधार, सुशासन प्रर्वद्धन, संस्थागत क्षमता विकास

१) गाउँपालिकामा रिक्त दरबन्दीहरुमा उपर्युक्त प्रक्रियाबाट तत्काल पदपूर्तिको प्रकृया अगाडी बढाउन साथै वडा कार्यालयहरुमा विद्यमान कर्मचारी अभावलाई तत्काल समाधान गर्न प्रदेश सरकार तथा प्रदेश लोकसेवा समक्ष आवस्यक पहल गरिनेछ ।

२) गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधामा स्पष्टताको लागी कर्मचारी विनियमावली वनाई लागु गरिनेछ ।

२) उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, टोल विकास संस्था, जग्गादाता आदीलाई पुरस्कृत तथा सम्मानित गर्ने पद्दतीलाई निरन्तरता दिईनेछ ।

४) संचालित योजनाहरुमा अपनत्व महशुस होस् पारदर्शिता तथा गुणस्तर कायम होस् भन्ने भावनाको विकास गराउनको लागी राम्रो काम गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५) शाखागत रुपमा सम्पादन भएका कार्यहरुको मासिक तथा कार्यालयमा कर्मचारी अनुपस्थित हुँदा सेवाग्राहीलाई जानकारी होस् भन्ने अभिप्रायले डिजिटल सूचनापाटी  व्यवस्था गरिनेछ ।

६) कार्यालयबाट सम्पादन हुने सेवा प्रवाहमा खेलेको भुमिकाको आधारमा कर्मचारीहरुको जिम्मेवारीमा आवश्यकता अनुसार हेरफेर गरी सेवाग्राही प्रति उत्तरदायी बनाउन आवश्यक नीति लिइनेछ ।

७) राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा करको दायरा निर्धारण गरी सबै व्यवसायलाई करको दायराभित्र ल्याईनेछ ।

८) करदाताको सुविधालाई मध्यनजर गर्दै कर संकलन कार्यलाई कम्प्युटर विलिङ मार्फत कर तिर्ने गरी सबैवडा कार्यालयहरुमा व्यवस्था मिलाईने छ ।

९) विभिन्न शीर्षकमा रहेको बेरुजुलाई घटाई आगामी दिनहरुमा वेरुजु बढ्न नदिनका लागि कार्य गरिनेछ ।

१०) गाउँपालिकाले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण र सार्वजनिक लेखापरीक्षण प्रणालीलाई आत्मसाथ गरिनेछ ।

११) टोल विकास संस्थाहरुलाई स्रोत साधन सम्पन्न गर्दै संस्थागत विकास गरिनेछ ।

१२) गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, विद्यालयहरुमा विद्युतिय सुशासनको रुपमा ई-हाजिरी तथा ईन्टरनेट प्रयोगलाई प्रभावकारी वनाईनेछ ।

१३) गाउँपालिकामा भौगोलिक कठिनाईका कारण कर्मचारी वस्न असहज महशुस गरेको कारण गाउँपालिकाको कार्य संचालनमा कठिनाई भएको हुँदा कर्मचारीहरुलाई प्रोत्साहित गर्न स्थानीय प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

१४) यस गाउँपालिका भित्र सामुदायीक रेडियो, पत्रपत्रिकाको संरक्षण एंव प्रर्वद्धन गर्नको लागी संस्थागत विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

१५) स्थानीय पत्रिका, अनलाईन, एफ.एम.हरु मार्फत गाउँपालिकाका गतिविधिहरु आवश्यकता अनुसार, प्रकाशन, एंव प्रसारण गरिनेछ ।

१६) गाउँपालिकाले आफनै Website, Facebook Page जस्ता सामाजीक संजालहरु मार्फत भए गरेको काम कारवाहीहरुलाई अवगत गराउदै आई रहेकोछ यसलाई आगामी दिनहरुमा थप प्रभावकारी वनाइनेछ ।

१७) गाउँपालिका कार्यालय परिसर तथा सवै वडा कार्यालय परिसरमा फ्रि वाईफाई क्षेत्र वनाई सर्व साधारणको लागि ईन्टरनेट सुविधाको व्यवस्था गर्ने कार्यलाई यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ । सवै वडा कार्यालयहरुको काम सम्वन्धी सूचनाहरु प्रवाहलाई चुस्त दुरुस्त छिटोछरितो वनाउन अनलाईन प्रणालीको स्थापना गरिनेछ ।

**ङ) आर्थिक विकास**

१) गाउँपालिकाको आन्तरिक आयलाई अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु टोल स्तरमा संचालन गरिनेछ ।

२) कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकिकरण गरि व्यवसायीक, प्रविधी मैत्री वनाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ । विश्वव्यापी महामारीको कारण उत्पन्न वेरोजगारीको अवस्थामा सुधार गर्नेको लागि विपन्न, महिला तथा युवाहरु लक्षित व्यवसायिक गाई पालन, भैसीपालन, वंगुरपालन, वाख्रापालन तथा लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम संचालन गरि रोजगारीको अवसर सृजना गरिनेछ ।

३) कृषी क्षेत्रको उत्पादकत्व वृद्धिको लागि आवस्यक मल, बीउवीजन, यन्त्र उपकरण, प्रविधि, बजारीकरणका कार्यक्रमहरु तर्जूमा गरि लागु गरिनेछ ।

४)	व्यवसायिक पशुपालनका लागि नश्ल सुधार, कृतिम गर्भाधारण, पशु आहार विकास कार्यक्रम संचालनको लागि आवस्यक कार्यक्रम तर्जुमा गरिनेछ । उपभोक्तालाई स्वच्छ मासुजन्य पदार्थहरु उपलब्ध गराउन मासुपसल सुधार कार्यक्रम संचालन गरिनेछ ।

५)	सहकारीहरुको क्षमता अभिवृद्धि गरी व्यवसायीक बनाईनेछ ।

६)	यस गाउँपालिका क्षेत्र भित्र नेपाल सरकारले गरिवी निवारण कोष मार्फत करोडौ रकम घुम्तीकोषको रुपमा समुदायलाई हस्तान्तरण गरेको छ । ती सामुदायिक संस्थाहरुको वित्तिय सुरक्षाको लागि नेपाल सरकार भुमी व्यवस्था तथा गरीवी निवारण मन्त्रालयवाट सम्पूर्ण संस्थाहरुलाई सहकारीकरण तथा व्यवस्थापन गर्ने कार्यमा स्थानीय तहलाई जिम्मेवार वनाएको हुँदा भएका आ.व. २०७७०७८ मा ती सम्पूर्ण संस्थाहरुको व्यवस्थापन र परिचालनको लागि आवस्य कार्यनीती अवलम्वन गरिनेछ ।

७)	वातावरण संरक्षणमा समेत योगदान दिने, आयआर्जन एवं हरियालीका माध्ययमवाट वातावरणीय सुधार गर्नुका साथै गाउँपालिकाको आर्थिक अवस्थामा सवलीकरणका लागि गाउँपालिका परिसरमा स्थापना गरिएको फलफूलको वगैचालाई थप व्यवस्थित गर्नुको साथै अन्य सार्वजनिक जग्गाहरुको पहिचान गरि व्यवस्थित वागवानी फार्म, मत्से फार्मको विकास गर्ने नीति लिईने ।

**च)	आर्थिक प्रशासन तथा राजश्व परिचालन**

१)	समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखापरीक्षण) लाई सवल, सक्षम, मितव्ययी, प्रभावकारी उत्तरदायि र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिनेछ ।

२)	आन्तरिक श्रोत तर्फ सम्बन्धित वडाबाट सम्पत्ति कर, भूमिकर र मालपोत रजिष्ट्रेसनवाट प्राप्त रकमबाट उपयुक्त आयोजनाहरु छनौट गरी खर्च गर्ने व्यवस्था मिलाइने छ ।

**आदरणीय महानूभावहरु,**

अव म आ.व. २०७७/२०७८ को लागि अनुमानित आय तथा व्ययको सारांश विवरण/बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फः**

आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर **रु. २ करोड २९ लाख ५० हजार सय**, राजश्व बाँडफाँडवाट **रु. ९ करोड ६२ लाख १५ हजार ७ सय ९०**, सवारीसाधन करको वाडफाँड प्रदेशवाट **रु. २ करोड ३५ लाख ५ हजार** समेत जम्मा **रु. ११ करोड ९७ लाख २० हजार ७ सय ९०** अनुमान गरिएको छ । संघीय सरकारको वित्तिय समानिकरणवाट **रु. १० करोड १० लाख**, प्रदेश सरकारको वित्तिय समानिकरणवाट **रु. १ करोड २ लाख २१ हजार** गरि जम्मा वित्तिय समानिकरण **रु. ११ करोड १२ लाख २१ हजार**, संघीय सरकारवाट सम्पुरक वजेट **रु. १ करोड ६० लाख**, प्रदेश सरकार सम्पुरक **रु.१ करोड ५० लाख** गरि जम्मा सम्पुरक तर्फ **रु. ३ करोड १० लाख**, संघीय सरकारको सशर्त **रु. १६**

**करोड १६ लाख**, प्रदेश सरकारको सशर्त **रु. १ करोड ८७ लाख ६३ हजार** गरि जम्मा सशर्त **रु. १८ करोड ३ लाख ६३ हजार** गरी **जम्मा रु.४६ करोड ८२ लाख ५४ हजार ७ सय ९०** कूल आय अनुमान प्रस्तावित गरिएको छ ।

**व्ययतर्फ**

संघ र प्रदेशवाट प्राप्त सशर्त अनुदान **रु. २१ करोड ४३ लाख ६३ हजार र निशर्त रु.२५ करोड ३८ लाख ९१ हजार ७ सय ९०** गरि जम्मा **रु.४६ करोड ८२ लाख ५४ हजार ७ सय ९०** अनुमान गरिएको छ ।

**आदरणीय उपस्थित महानुभावहरुः**

योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन, यसको लक्ष्य एंव उद्देश्य प्राप्तिकालागि प्रभावकारी कार्यान्वयन अनुगमन एंव  मूल्याङकन जरुरी हुन्छ । यसका साथै संस्थागत, नीतिगत कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्छ ।  उपरोक्त नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सदाभ्कै सम्पूर्ण गाउँपालिकावासीहरु एवं सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह, सुभ्काव एंव सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकाका गतिविधीहरुमा हरपल अमूल्य सुभ्कावका साथ सहयोग गर्नु हुने राजनैतिक दल, विषयगत कार्यालयहरु, नागरिक समाज,  गैर सरकारी, सामुदायीक संघसंस्था, व्यवसायी, उद्यमी समाजसेवी बृद्धिजिवी, संचारकर्मी लगायत सहकर्मी कर्मचारी साथिहरुको विकास प्रतिको एकता, संवेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी एवं जनप्रतिनिधीहरु बीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अन्त्यत महत्वपूर्ण उपलब्धी हुन आएकाले वहांहरु सबैप्रति हार्दिक आभार एंव कृतज्ञता प्रकट गर्दछु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथी, अतिथिज्यूहरु, कार्यपालिकाका सदस्यकज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, शिक्षक वुद्धिजिवी र अन्य सम्पूर्ण उपस्थित महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।

धन्यवाद ! नमस्कार !

अनिता कुमारी राई
उपाध्यक्ष